चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मिति :- २०८०/०६/३० गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको २३ औं बैठक नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |
| २६ | धर्मराज विटर | सूचना प्राविधिक अधिकृत | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

## मिति २०८०/०६/२३ गतेको नगर कार्यपालिकाको २३ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | चौरजहारी नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड तोक्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्र व्यवस्थित सडक पूर्वाधार निर्माण तथा जग्गा किनबेचका क्रममा कित्ताकाट र अन्य प्रयोजनका लागि सडक नक्साङ्कन गर्न सडकहरूको मापदण्ड तोक्ने। | |
| ३ | चौरजहारी नगरपालिकाको सेवाप्रवाह सञ्चालन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको सेवाप्रवाह सञ्चालन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० स्वीकृतिका लागि बैठकमा पेस गर्ने। | |
| ४ | सभाहल निर्माण हुने स्थानका पुराना संरचना हटाउने सम्बन्धी प्रस्ताव | श्री विजयश्वरी आधारभूत विद्यालय चौरजहारी-२, रुकुम (पश्चिम) को नाममा रहेको कित्ता नं. ४४० क्षेत्रफल १८५५ मा रहेका सभाहल निर्माण गर्ने प्रयोजनका लागि उक्त जग्गामा रहेका भवन लगायतका संरचनाहरू भत्काउनुका साथै उक्त संरचनाहरुको प्राविधिक लागत तयार गरी नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानुनबमोजिम लिलाम बढाबढ गरी सो वापतको आन्तरिक राजश्व खातामा जम्मा गर्ने। | |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई सङ्घ सरकारबाट आर्थिक वर्ष २०८०/०८१ मा प्राप्त बजेट कार्यान्वयनका लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम लाभग्राही छनोटका लागि आवेदन माग गर्ने र प्राप्त आवेदनका आधारमा मूल्याङ्कन गरी लाभग्राही छनोट गर्ने | |
| ६ | यज्ञश्वर बहुप्राविधिक शिक्षालयमा HA र फार्मेसी कार्यक्रम थप गर्ने प्रक्रियाका लागि लेखि पठाउने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका सहिदस्मृति नगर अस्पताल, मानव विकास तथा सामुदायिक सेवा द्वारा सञ्चालित चौरजहारी अस्पतालका साथै वडा नं. ३ टाटा गाउँमा ५० शैयाको अस्पताल पूर्वाधार निर्माण समेत भइरहेकोले चौरजहारीमा बढ्दै गएको जनघनत्व तथा हाल प्रवाह हुँदै आएको स्वास्थ्य सेवालाई समेत मध्यनजर गरी यज्ञश्वर बहुप्राविधिक शिक्षालयमा HA र फार्मेसी कार्यक्रम थप गर्न यज्ञश्वर बहुप्राविधिक | |

| | | | |
|---|---|---|---|
| | | शिक्षालयमार्फत् प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मा लेखी पठाउने । | |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम समन्वय समिति गठन सम्बन्धि प्रस्ताव | राष्ट्रिय व्यवसायीक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९ को दफा १६ बमोजिम चौरजहारी नगरपालिका प्राविधिक तथा व्यवसायीक शिक्षा तथा तालिम समन्वय समिति गठन गर्ने । | |
| ८ | नमुनापालिका निर्माणको कार्ययोजना स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई USEF / UNDP सँगको सहकार्यमा नमुनापालिका बनाउन चौरजहारी नगरपालिकासहित कर्णाली प्रदेशका पाँचहरू छनोटमा परेकोले यस चौरजहारी नगरपालिकालाई नमुना नगरपालिका बनाउन तयार गरिएको चौरजहारी नगरपालिकाको **'नमुना नगरपालिका कार्ययोजना'** स्वीकृतिका लागि बैठकमा पेस गर्ने । | |
| ९ | सहीद स्मृति नगर अस्पतालको आयव्यय स्वीकृत गरी विविध खर्च खाताबाट कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिका १० स्थित सहिद स्मृति नगर अस्पतालको आर्थिक वर्ष २०८०/८१ को आयव्यय स्वीकृत गरी विविध खर्च खाताबाट कार्यक्रम कार्यान्वयन गर्ने । | |
| १० | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. सहिद स्मृति नगर अस्पतालको सहलेखापाल पद रिक्त भएकोले कार्यदक्षता, कार्य अनुभव समेतलाई मध्यनजर गरी २०८० साउन १ गतेदेखि लागू हुने गरी उक्त अस्पतालमा रेसेप्सेनिष्ट पदमा करार नियुक्ति भइ काम गर्दै आएका चौरजहारी श्री निरज शर्मालाई नगरपालिकाको १५ शैयासम्मको नगर अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ बमोजिम सहलेखापाल पदमा कामकाज गर्न जिम्मेवारी दिने ।<br>२. चौरजहारी नगरापालिका-१० स्थित सहिद स्मृति नगर अस्पतालमा बिरामीहरूको चाप बढ्दै गएको र अस्पतालबाट प्रवाह हुने सेवा थप प्रभावकारी बनाउन मेडिकल अधिकृतको नियमित व्यवस्था गर्ने आवश्यक भएकोले हाल उक्त अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई अनुसूची -३ बमोजिमको सेवा, सुविधा प्रदान गर्ने । | |

शेरप्रसाद ढकाल

पुष्प वादी

## मिति २०८०/०६/३० गतेको २३ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'चौरजहारी नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड तोक्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र व्यवस्थित सडक पूर्वाधार निर्माण तथा जग्गा किनबेचका क्रममा कित्ताकाट गर्दासमेत सडक नक्साङ्कन गर्न **अनुसूची-१** बमोजिम सडकहरूको मापदण्ड तोकी नापी कार्यालय र मालपोत कार्यालय रुकुम (पश्चिम) लगायत सम्बन्धित निकायहरूमा समेत सोको जानकारी पठाउने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'चौरजहारी नगरपालिकाको सेवाप्रवाह सञ्चालन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवालाई सहज, छिटो, छरितो, पारदर्शी र नागरिकमैत्री तुल्याउन चौरजहारी नगरपालिकाको सेवाप्रवाह सञ्चालन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने र उक्त कार्यविधि चौरजहारी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'सभाहल निर्माण हुने स्थानका पुराना संरचना हटाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग जोडिएको श्री विजयश्वरी आधारभूत विद्यालय चौरजहारी-२, रुकुम (पश्चिम) को नाममा रहेको कित्ता नं. ४४० र क्षेत्रफल १८५५ रहेको जग्गा प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरूलाई प्रार्थना तथा खेलकुद गर्न साँधुरो भइ प्रभावकारी नभएकोले करिब ३०० मिटर टाढा रहेको यस चौरजहारी नगपालिकाको नाममा रहेको कित्ता नं. ३७०४ र ३७०५ क्रमश: क्षेत्रफल २४४० र २५६० भएको जग्गा र उक्त जग्गामा बनेका भवनहरू विद्यालयले प्रयोग गर्ने र नगर कार्यपालिकाको कार्यालयसँग जोडिएको विद्यालयको जग्गा र त्यसमा रहेका भवनहरू नगरपालिकाले प्रयोग गर्ने द्विपक्षीय सहमतिबमोजिम विद्यालय र चौरजहारी नगरपालिकाको नाममा रहेको जग्गामा सभाहल निर्माण गर्न उक्त जग्गामा रहेका भवन लगायतका संरचनाहरू प्राविधिक लागत तयार गरी नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानुनबमोजिम लिलाम बढाबढ गरी सो वापतको आन्तरिक राजश्व खातामा जम्मा गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई सङ्घ सरकारबाट आर्थिक वर्ष २०८०/०८१ मा प्राप्त बजेट कार्यान्वयनका लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम लाभग्राही छनोटका लागि

आवेदन माग गर्ने र प्राप्त आवेदनमा कार्यविधिको अनुसूची-२ बमोजिम मापदण्डका आधारमा मूल्याङ्कन गरी लाभग्राही छनोट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'यज्ञश्वर बहुप्राविधिक शिक्षालयमा HA र फार्मेसी कार्यक्रम थप गर्ने प्रक्रियाका लागि लेखि पठाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका सहिदस्मृति नगर अस्पताल, मानव विकास तथा सामुदायिक सेवा द्वारा सञ्चालित चौरजहारी अस्पतालका साथै वडा नं. ३ टाटा गाउँमा ५० शैयाको अस्पताल पूर्वाधार निर्माण समेत भइरहेकोले चौरजहारीमा बढ्दै गएको जनघनत्व तथा हाल प्रवाह हुँदै आएको स्वास्थ्य सेवालाई समेत मध्यनजर गरी यज्ञश्वर बहुप्राविधिक शिक्षालयमा HA र फार्मेसी कार्यक्रम थप गर्न यज्ञश्वर बहुप्राविधिक शिक्षालयमार्फत् प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम समन्वय समिति गठन सम्बन्धि प्रस्तावमा'** छलफल गर्दा प्राविधिक शिक्षा र तालिम कार्यक्रमहरूको विद्यमान अवस्था, अवसर, समस्या, चुनौती, सम्भावित समाधान र सुव्यवस्थित कार्यान्वयनका लागि समन्वयकारी भूमिका निवार्ह गर्न राष्ट्रिय व्यवसायीक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९ को दफा १६ बमोजिम चौरजहारी नगरपालिका प्राविधिक तथा व्यवसायीक शिक्षा तथा तालिम समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

नगर उपप्रमुख – श्री ईश्वरीकुमारी शर्मा - संयोजक

प्रमुख प्रशासकीय अधिकृत - श्री शेरप्रसाद ढकाल – सदस्य

सामाजिक विकास समिति संयोजक – श्री लालबहादुर बुढा - सदस्य

रोजगार संयोजक – श्री कृष्णप्रसाद शर्मा – सदस्य

उद्यम विकास सहजकर्ता – श्री विमला रोकाय

रोजगारदाता संस्थाहरू मध्येबाट सम्बन्धित स्थानीय तहले तोकेको एक जना महिला सदस्य – लिला ओली

प्रमुख, शिक्षा शाखा – टीकाजङ्ग ओली – सदस्य सचिव

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'नमुनापालिका निर्माणको कार्ययोजना स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई USEF / UNDP सँगको सहकार्यमा नमुनापालिका बनाउन चौरजहारी नगरपालिकासहित कर्णाली प्रदेशका पाँचहरू छनोटमा परेकोले यस चौरजहारी नगरपालिकालाई नमुना नगरपालिका बनाउन तयार गरिएको चौरजहारी नगरपालिकाको **'नमुना नगरपालिका कार्ययोजना'** स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ **'सहीद स्मृति नगर अस्पतालको आयव्यय स्वीकृत गरी विविध खर्च खाताबाट कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका १० स्थित सहिद स्मृति नगर अस्पतालको आर्थिक वर्ष २०८०/८१ को **अनुसूची-२** बमोजिम आयव्यय स्वीकृत गरी विविध खर्च खाताबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सहिद स्मृति नगर अस्पतालको रिसेप्सनिष्ट पदमा करार नियुक्ति भइ काम गर्दै आएका चौरजहारी श्री निरज शर्मालाई नगरपालिकाको १५ शैयासम्मको नगर अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ मा जनशक्ति सम्बन्धी विवरणअनुसार सहलेखापाल पद रिक्त भएकोले कार्यदक्षता, कार्य अनुभव समेतलाई मध्यनजर गरी २०८० साउन १ गतेदेखि लागू हुने गरी सहलेखापाल पदमा कामकाज गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** प्रस्ताव नं. १० **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरापालिका-१० स्थित सहिद स्मृति नगर अस्पतालमा बिरामीहरूको चाप बढ्दै गएको र अस्पतालबाट प्रवाह हुने सेवा थप प्रभावकारी बनाउन मेडिकल अधिकृतको नियमित व्यवस्था गर्ने र त्यसका लागि **अनुसूची -३** बमोजिमको सेवा, सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**यसरी आजको बैठक शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शरप्रसाद
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची-१

(निर्णय नं. ३ सँग सम्बन्धित)

**चौरहारी नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड, २०८०**

| क्र स | सडकहरूको नाम | वडा नं. | वर्ग | चौडाइ (मिटरमा) |
|---|---|---|---|---|
| १ | रानीसागर खौचने बाउनीखेत | २, ३, ८ | क | ५० |
| २ | चिप्लेटी खागल जुम्लीपोखरी नुवाकोट सडक | ८,९,६,१२, ११, १४ | ख | २२ |
| ३ | हाइमास्क चोक विजयश्वरी नार्जी खोलागाउँ नुवाकोट सडक | ३,७,६,११,१३,१४ | ख | २२ |
| ४ | विजयश्वरी मनकोट खहरे खोलागाउँ भुरुङखोला नेटा | २,४,५,१०,१३ | ख | २२ |
| ५ | बाँसखोला चौरजहारी अस्पताल बसपार्क रामजानकी मन्दिर | १,२ | ख | २२ |
| ६ | माइकीदर्का मन्दिर सिटिइभिटी टिकाचौर सडक | १ | ख | २२ |
| ७ | त्रिवेणी खौचने सडक | २ र ३ | ख | २२ |
| ८ | त्रिवेणी टाटागाउँ मध्यपहाडी सडक | २ र ३ | ख | २२ |
| ९ | कटुजेखोला कोटजहारी स्मालटाकुरा सडक | ७ र ९ | ख | २२ |
| १० | विद्युत पोखरी ल्यान्ड फिलसाइड सडक | ३ | ग | १४ |
| ११ | जुम्लेपोखरी उल्लेरी सिम्ली सडक | १२ | ग | १४ |
| १२ | कटुजेखोलामाथि लावुरखोला सडक | ७ | ग | १४ |
| १३ | मनकोट मालिका नेटा सडक | ४, १० | ख | १४ |
| १४ | खोलीबजार लामिछानेगाउँ बसपार्क त्रिवेणी | १, २ र ३ | ग | १४ |
| १५ | घारिगाउँ मनकोट सडक | १ र ४ | ग | १४ |
| १६ | स्यालखोला अम्बाचौर लामाबगर सडक | ३ | ग | १४ |
| १७ | शान्ति बजार घर्तीकाँडा खागल सडक | ६ | ग | १४ |
| १८ | चौफा सर्केना सानाखोला पुरानापानी खागल | ११, १२ र ६ | ग | १४ |
| १९ | सर्केना जोगीनेटा उल्लेरी सडक | ११ | ग | १४ |
| २० | दमदमे नेप्टेकाँडा तिमीले सडक | ११ र १४ | ग | १४ |
| २१ | बुढागाउँ पेदीखोला बिसाउनेचौर रानागाउँ | १० | ग | १४ |
| २२ | भुरुङखोला एकौली घुघुती नाख्ला सौरैपोखरी तिमीले | १३ | ग | १४ |
| २३ | सिलिङ्गी एकौली साक्चाखोला नाउली फेदी नुवाकोट डाँडा | १३ र १४ | ग | १४ |
| २४ | रानीसागर बसपार्क | २ र १ | घ | १४ |
| २५ | चिसापानी अधिकारीपाखा हुँदै चमेरेगुफा | ६ | ग | १४ |
| २६ | जोगीनेटा टुनीगैरा उल्लेरी सडक | १२ | घ | १० |
| २७ | स्वारा पोखरी झापे सडक | १२ | घ | १० |
| २८ | दोभानखोला पुरानापानी पतेरी चौखे | १२ | घ | १० |
| २९ | नार्जी बराह रुख कोटजहारी सडक | ७ | घ | १० |
| ३० | कालापाथर लाबुरखोला सडक | ७ | घ | १० |
| ३१ | चौरजहारी अस्पताल देखि कुरल झलुङ्गेपुल सडक | १ | घ | १० |
| ३२ | चन्द्रबजार सानाखोला जुम्लीपोखरी सडक | ११, १२ | घ | १० |
| ३३ | गाँरापानी मानाकोट गाउँ सडक | १० | घ | १० |
| ३४ | सानाखोला  रोकायगाउँ दारेगौंरा रानागाउँ | १० | घ | १० |
| ३५ | दमदमे तिमीले फेदी तिमीले सडक | ११ र १३ | घ | १० |
| ३६ | राताामाटा खलटाकुरी घरेलीचौर बागखोला नाख्ला | १३ | घ | १० |
| ३७ | मलामेडाँडा वडा कार्यालय राताडाप्का नाख्ला | १३ | घ | १० |

| क्र स | सडकहरूको नाम | वडा नं. | वर्ग | चौडाइ (मिटरमा) |
|---|---|---|---|---|
| ३८ | छेर्नी घेरेलीचौर वडा कार्यालय बागखोला नाक्ला | १३ | घ | १० |
| ३९ | तिमीले पातीहाल्ना टिलोहाल्ना सौरैपोखरी | १३ | घ | १० |
| ४० | साक्चाखोला लामाडाँडा तिमीले सडक | १४ | ग | १० |
| ४१ | तिर्सेखोला गैरागाउँ खुटिडाँडा मल्यासिम सडक | ५ | ग | १० |
| ४२ | ठारासिम मल्यासिम मालिका खर्क सडक | ५ र १० | ग | १० |
| ४३ | एयरपोर्ट नाखिरा पुरानो बजार बसपार्क | १ | घ | १० |
| ४४ | खहरेखोला टाकुरा खहरेडाँडा सडक | ४ र ५ | घ | १० |
| ४५ | टाटा वालविद्या रुकुमेगाउँ सडक | २ | घ | १० |
| ४६ | खालटाकुरा फुलबारी मलामेबाटो टाटागाउँ | २ र ३ | घ | १० |
| ४७ | खौचने विजयश्वरी डाँडा सडक | ३ र २ | घ | १० |
| ४८ | ब्रमाथान थापापाखा कालीमाटी सडक | २ र ४ | घ | १० |
| ४९ | नाखिरा पिपलबोट मिसन अस्पताल जोड्ने सडक | १ | घ | १० |
| ५० | घारिपाखा टाटागाउँ सडक | ३ | घ | १० |
| ५१ | मध्यपहाडी स्यालखोला माझटोल | ३ | घ | १० |
| ५२ | घारीपाखा टाटागाउँ मध्यपहाडी लोकमार्ग | ३ | घ | १० |
| ५३ | स्यालखोला स्कुलदेखि मध्यहाडी सडक | ३ | घ | १० |
| ५४ | स्यालखोला पिपलचौतारा मटेला सडक | ३ | ङ | १० |
| ५५ | खौचने मौक्षद्वारी मन्दिर सडक | ३ | ङ | १० |
| ५६ | ३ नं. वडा कार्यालय शिवदेवल विद्युत पोखरी | ३ | ङ | १० |
| ५७ | पानीखोला बालुवा मध्यपहाडी | ३ | ङ | १० |
| ५८ | बुडागाउँ काफलडाँडा खर्क मालिका सडक | १० | घ | १० |
| ५९ | मेलेनाउली भकुन्डे टाटा मन्कोट सडक | ७ र ४ | घ | १० |
| ६० | मेलैनाउली विद्यालय मनकोट सडक | ७ र ४ | घ | १० |
| ६१ | मनकोट विद्यालय काफ्लेखोला टाटा सडक | ४ | ङ | ८ |
| ६२ | ठवालठाना कालाडाँडा सडक | ४ | ङ | ८ |
| ६३ | नयाँ इर्ज देवताथान रातामाटा सडक | ७ | ङ | ८ |
| ६४ | नार्जी वालुवा सडक | ७ | ङ | ८ |
| ६५ | मुदुस जङ्गले सडक (केशर मार्ग) | ७ | ङ | ८ |
| ६६ | पार्थ बसीगाउँ सडक | ७ | ङ | ८ |
| ६७ | काप्रा थापागाउँ सडक | ७ | ङ | ८ |
| ६८ | कुमाइँगाउँ बिउरेनी सडक | ७ | ङ | ८ |
| ६९ | मेलैनाउली कालापाथर स्कुल सडक | ७ | ङ | ८ |
| ७० | चौरजहारी अस्पताल नाखिरा बिचगाउँ मूल सडक | १ | ङ | ८ |
| ७१ | आरा मेसिनदेखि जाङ्गेझर्को रुद्र विष्ट मनकोट सडक | १ | ङ | ८ |
| ७२ | शिवगुफा लिउरेवारी बिचकटीया मदानेखोला सडक | १४ | ङ | ८ |
| ७३ | वडा कार्यालय बिरालगाउँ साक्चा मा वि सडक | १४ | ङ | ८ |
| ७४ | छरेपानी खारा घुघुतीज्यूला सडक | १३ | ङ | ८ |
| ७५ | छेर्नी जुरैमूल भुरूङखोला सडक | १३ | ङ | ८ |
| ७६ | देउराल टाकुरा खारैरह नाउला सडक | १३ | ङ | ८ |
| ७७ | नयाँ बस्ती चैतेखोला सडक | ११ | ङ | ८ |
| ७८ | दमदमे घारीमूल बाघखोला नाख्ला | १३ | ङ | ८ |

| क्र स | सडकहरूको नाम | वडा नं. | वर्ग | चौडाइ (मिटरमा) |
|---|---|---|---|---|
| ७९ | त्रिवेणी विष्टआला खडका टोल सडक | २ | ङ | ८ |
| ८० | खालीखोला टाटा खोप्रि | २ | ङ | ८ |
| ८१ | विजयश्वरी कुमालगाउँ जङ्ले सडक | २ | ङ | ८ |
| ८२ | बसपार्क शीतल क्याम्पस | २ | ङ | ८ |
| ८३ | पुरानो बजार इप्रका प्रेट्रोलपम्प टाटा | १ | ङ | ८ |
| ८४ | कृष्ण एग्रोभेट खत्री आला सडक | २ | ङ | ८ |
| ८५ | शीतल मावि गेट झाँक्रीखोला सडक | २ | ङ | ८ |
| ८६ | माझगाउँ ओलीडाँडा | १० | ङ | ८ |
| ८७ | पञ्चासी स्यालाकोट माझगाउँ सडक | १० | ङ | ८ |
| ८८ | चिसापानी भलाक्चा मानाकोट मन्दिर | १० | ङ | ८ |
| ८९ | राम्चेटाकुरा ढोलढुङ्गा धमधमे सडक | ६ | ङ | ८ |
| ९० | टावर माझगाउँ जिव्रेणी टाटा टाकुरा सडक | ४ | ङ | ८ |
| ९१ | बस्नेतज्यूला अमलाटाकुरा सडक | ४ | ङ | ८ |
| ९२ | हातेडाँडा विक्रमखोला सडक | ४ | ङ | ८ |
| ९३ | इमिलाबारी किमेरीडाँडा सडक | ४ | ङ | ८ |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## अनुसूची- २

## (निर्णय नं. १ सँग सम्बन्धित)

## सहिद स्मृति नगर अस्पतालको आर्थिक वर्ष २०८०/०८१ को आय-व्यय

### आय तर्फ

| क्र.स. | राजश्व शीर्षकको नाम | अनुमानित मासिक राजश्व | अनुमानित वार्षिक राजश्व | कैफियत |
|---|---|---|---|---|
| १ | टिकट, ल्याब, एक्सरे, भिडियो एक्सरे, इसिजी, प्रोस्युडर लगायत अन्य सेवा दस्तुर | रु १३५००० (एक लाख पैतिस हजार मात्र ) | रु १६२०००० (सोह्र लाख बिस हजार मात्र ) | स्वास्थ्य बिमा बाहेक |
| २. | फार्मेसी अन्तर्गत शशुल्क औषधि बिक्रि बाफतको रकम | रु १००००० ( एक लाख मात्र ) | रु १२००००० (बाह्र लाख मात्र ) | स्वास्थ्य बिमा बाहेक |
| ३. | एकमुष्ट स्वास्थ्य बिमा बाट प्राप्त रकम | ४५०००० ( चार लाख पचास हजार मात्र) | ५४००००० ( चौपन्न लाख मात्र) | |
| **जम्मा** | | **६८५०००( छ लाख पचासी हजार मात्र )** | **८२२००००( बयासी लाख बिस हजार मात्र)** | |
| अघिल्लो बर्षको मौत्जात रकम | | २५००००० (पच्चिस लाख मात्र ) | | |

### व्यय तर्फ

| क्र.स. | आ.ब. २०८०/८१ को बजेट कार्यक्रमहरुको नाम | रकम | |
|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा |
| १ | नगर अस्पतालमा टाएल तथा मार्बल बिछयाउने | ५००००० | पाँच लाख मात्र |
| २ | नगर अस्पताल घेरबार सहित गेट निर्माण र खानेपानी टूङ्याकी निर्माण | ५००००० | पाँच लाख मात्र |
| ३ | सफ्टवेयर जडान तथा नबिकरण | १८००००० | एक लाख असि हजार मात्र |
| ४ | ल्याब उपकरण मर्मत | ५०००० | पचास हजार मात्र |
| ५ | एक्सरे,भिडियो एक्सरे ,ई.सि.जी. प्रिन्टर पेपर खरिद | १५०००० | एक लाख पचास हजार मात्र |
| ६ | ओ.पी.डी. टिकट छपाई ,रजिस्टर छपाई , टिकट स्टिकर | १५०००० | एक लाख पचास हजार मात्र |
| ७ | मसलन्द/स्टेसनरी | ११०००० | एक लाख दश हजार मात्र |
| ८ | ल्यापटप खरिद | ७०००० | सहत्तर हजार मात्र |
| ९ | इन्टरनेट महसुल | ३००००० | तिन लाख मात्र |

| क्र.स. | आ.ब. २०८०/८१ को बजेट कार्यक्रमहरुको नाम | रकम | |
|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा |
| १० | बिधुत महसुल | २००००० | दुई लाख मात्र |
| ११ | जेनेरेटर इन्धन खर्च | १००००० | एक लाख मात्र |
| १२ | बिबिध | २००००० | दुई लाख मात्र |
| | जम्मा | २५१०००० | पच्चिस लाख दश हजार |
| आन्तरिक स्रोत बाट व्यहोर्ने गरी | | | |
| १ | शसुल्क औषधि खरिद | ४५००००० | पैतालिस लाख |
| २ | ल्याब सामग्री खरिद | २१००००० | एक्काईस लाख |
| ३ | कर्मचारी प्रोत्साहन भत्ता | १९००००० | अन्नाइस लाख |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची-३

(निर्णय नं. ११ सँग सम्बन्धित)

**मेडिकल अधिकृतको सेवा, सुविधा सम्बन्धी विवरण**

| क्र.स. | शीर्षक | मासिक रकम | कैफियत |
|---|---|---|---|
| १ | तलब स्केल | ४८७३७ | |
| २ | स्थानीय भत्ता | १३६३० | |
| ३ | महङ्गी भत्ता | २००० | |
| ४ | खाना खाजा | १०००० | |
| ५ | प्रोत्साहन भत्ता | सुरु तलब स्केलको सत प्रतिशत | |
| ६ | Procedure (USG, Plaster etc.) | २५ % | |
| ७ | चाडपर्व खर्च | ४८७३७ | वार्षिक एक पटक |
| ८ | पोसाक भत्ता | १०००० | वार्षिक एक पटक |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

... वादी
नगर प्रमुख